पर्यटन क्षेत्रले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदै आएको छ । पर्यटकको सेवासुविधामा अझ ध्यान दिनुपर्ने देखिन्छ । अबको दिनमा चिनियाँ तथा दक्षिणपूर्वी एसियाली मुलुकका पर्यटकको आकर्षणमा थप ऊर्जा दिने सवालमा सम्बन्धित सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक छ । अबको कार्यगत आवश्यकता भनेको 'सबै समय, सबै याम, पर्यटन सेवा' मान्यताका आधारमा पर्यटन प्रवर्द्धन र पर्यटकीय सेवाको क्रियाकलापहरू अझ विस्तार गर्न सकिएमा पर्यटन क्षेत्रको आशाका बुँदाहरू सिञ्चन गर्न सकिन्थ्यो कि !

पर्यटन प्रवर्द्धन र समयानुकुल विकासका सवालमा विभिन्न मुलुकमा भए गरिएका प्रयासलाई उदाहरणीय कार्यका रूपमा लिने बानीको थालनी हामीले कहिले गर्ने ? उदाहरणका रूपमा सन् ८० को दशकमा दुई दशकभन्दा बढी गृहयुद्धको भयावह अवस्थाबाट गुज्रिएको क्याम्बोडियाले पछिल्ला समयमा राजनीतिक स्थिरता, योजनाबद्ध पर्यटन प्रवर्द्धन र विकासका रणनीतिक कार्यक्रमको सफल कार्यान्वयनका कारण पर्यटन क्षेत्रमा आश्चर्यजनक संख्यात्मक र गुणात्मक फड्को मारेको छ । हालका समयमा क्याम्बोडियामा प्रतिवर्ष लाखौंको संख्यामा विदेशी पर्यटकले भ्रमण गर्ने तथा ती पर्यटकको कुशलतापूर्वक आतिथ्यता प्रदान गर्न सकेको छ । यसका साथै पर्यटकीय गन्तव्यको दृष्टिकोणले निकै फड्को मारिसकेका दक्षिणपूर्वी एसियाली मुलुकहरू थाइल्याण्ड, इण्डोनेसिया, मलेसिया तथा सिंगापुरमा पर्यटन विकासले उत्कृटता हासिल गर्न सकेको छ ।

छिमेकी मुलुक चीनको स्वशासित क्षेत्र तिब्बतले विगतका केही वर्षदेखि गुणात्मक र पणिाममुखी पर्यटकीय विकासमा छलाङ मारेको छ । गुणस्तरीय पर्यटकको आतिथ्यता प्रदान गर्ने सवालमा नजिकको सार्क मुलुक भुटानको बजारीकरण र पर्यटकीय चलायमानताका प्रयासबाट नेपालका पर्यटन व्यवसायीले निकै सिक्न सकिन्छ । विशेषतः पर्यापर्यटन, वातावरणमैत्री पर्यटन र धार्मिक पर्यटन (बौद्ध धार्मिक क्षेत्र) का आकर्षक पर्यटकीय प्याकेजबाट नेपाली पर्यटन क्षेत्र र व्यवसायीका लागि निकै ग्रहण गर्ने पाटाहरू छन् । जहाँ सरकारी पर्यटन नीतिले पनि निकै सरहानीय कार्य गरेको छ । छिमेकी र आसपासका मुलुकले गरेका असल अभ्यासको सिको हामीले पनि गर्ने र हाम्रा मौलिक पर्यटकीय गन्तव्यको बजारीकरण र गुणस्तरीय सेवा दिने दिशामा हाम्रा क्रियाकलाप अगाडि बढ्नुपर्छ ।

एकीकृत ग्रामीण पर्यटन विकासका कार्यक्रमलाई समन्वयात्मक ढंगबाट अघि बढाउने दिशामा ठोस पहल गरिनु आवश्यक छ । ग्रामीण पर्यटन प्रवर्द्धन तथा कृषि उत्पादन र कृषिजन्य उद्यमशीलता विकासका कार्यक्रमहरूलाई साथसाथ अघि बढाउनुपर्छ । पछिल्लो समयमा घरवास ग्रामीण पर्यटनको विकास र विस्तारले केही संस्थागत पाइला चालेको सन्दर्भमा ग्रामीण पर्यटन प्रवर्द्धनका लागि अझ प्रभावकारी पर्यटकमैत्री वातावरण निर्माणको दिशामा पहलकदमी आवश्यक छ । पर्यापर्यटकीय गन्तव्यस्थलमा पर्यटकका सेवा र आतिथ्यतामा स्थानीय ग्रामीण जनताले तत्अनुकूल पर्यटकमैत्री सेवा दिने दिशामा सचेत र इमानदारिता देखाउनुपर्छ । साथै, सेवासुविधा र पर्यटकले सन्तोषको आत्मबोध गर्ने वातावरण आधारभूत अधिकार भइसक्यो भन्ने चिन्तनलाई सोचौं र मनन गरौं ।

पर्यटकीय गाउँहरूमा स्थानीय जनताकै घरआँगनमा आतिथ्य सत्कारलाई आकर्षक प्याकेजका साथ पस्कनु, जसमा स्थानीय मौलिक संस्कृति र भेषभूषा झल्कने नाचगानदेखि स्थानीय परिकारको स्वादले आतिथ्यतामा निखारता दिन सकिन्छ । ग्रामीण पर्यटन प्रवर्द्धन र घरवास पर्यटनका दृष्टिकोणले दक्षिण एसियाकै नमूना लमजुङको घलेगाउँ, स्याङ्जाको सिरुबारी, म्याग्दीको पुनहिललगायत अन्नपूर्ण सर्किटका विभिन्न बस्तीहरू अनि सगरमाथा बेसक्याम्प तथा लाङटाङ पदयात्रा पर्यटनलगायतका क्षेत्रमा प्रवर्द्धनका आयामलाई अझ फराकिलो गर्न सकिएको खण्डमा राम्रो हुने थियो ।

पर्यटन क्षेत्रको नवप्रवर्द्धन र पुनरुत्थानका लागि हाम्रो साझा प्रयास विकेन्द्रित हुनुपर्दछ । देशको राजनीतिक प्रणाली संघीय ढाँचामा गइसकेको सन्दर्भमा प्रदेश तथा स्थानीय तहले पनि आफ्नो भौगोलिक क्षेत्राधिकारको विकाससँगै पर्यटन विकासको योजना र नीतिगत कार्यक्रमलाई क्षेत्रगत पर्यटकीय विशेषता र मौलिक पहिचानसहितका उत्थानशील कार्यक्रममा जोड दिनुपर्दछ । अर्थतन्त्रको सवल हिस्साको रूपमा रहेको पर्यटन क्षेत्रको दिगो सोच भएमा उत्साहजनक परिणाम पाउन धेरै समय कुर्नु नपर्ला ।

# विद्यार्थी पलायन रोक्ने नीति खै ?



■ विविशा पौडेल

केही दशकयता 'विदेश जान पाइयो भने बल्ल केही हुन्छ' भन्ने सोच नेपाली युवामाझ गहिरिँदै गएको छ । पछिल्ला केही वर्षहरूमा विदेश जान चाहने विद्यार्थीको संख्या दोब्बरमात्र होइन, तीन गुणाले बढेको छ । हरेक वर्ष हजारौं विद्यार्थीहरू शिक्षा प्राप्तिको नाममा नेपालबाट बाहिरिन्छन् । कसैले त्यहाँको गुणस्तरीय शिक्षालाई लक्ष्य बनाउँछन् भने कसैले त्यो माध्यमलाई रोजगारीका लागि प्रयोग गर्छन् । यति धेरै विद्यार्थी किन विदेश पलायन भइरहेका छन् ? के यसमा सरकारी नीतिको कमजोरी छ त ? वा नेपालमै अवसरको अभावले युवालाई विदेसिन बाध्य बनाएको हो ?

नेपालको शिक्षा प्रणालीलाई लिएर विद्यार्थी तथा अभिभावक दुवै सन्तुष्ट छैनन् । त्यसमा पनि सरकारी विद्यालयहरूमा गुणस्तरीय शिक्षा छैन भन्ने व्यापक धारणा छ । शिक्षकको अनुपस्थिति, पाठ्यक्रमको पुरानोपन, व्यावहारिकभन्दा सैद्धान्तिक शिक्षामा जोड र परीक्षा प्रणालीमा सुधारको अभावजस्ता सबै कारणले विद्यार्थीलाई असन्तुष्ट बनाएको छ । त्यस्तै, विश्वविद्यालय तहमा शिक्षाको ढिलासुस्ती, राजनीतिक हस्तक्षेप र परीक्षा तथा नतिजा प्रक्रियामा हुने ढिलाइले विद्यार्थीलाई निराश बनाएको छ । त्यसैको परिणामस्वरूप उनीहरूले विकल्प रोजेको पाइन्छ ।

विदेसिने विकल्प रोज्नुमा प्रमुख कारण शिक्षा हासिल गरेपछि त्यसअनुसारको रोजगारी नपाउनु हो । यो नेपाली युवाको ठूलो पीडाको विषय बनेको छ । नेपालमा शिक्षित बेरोजगारको संख्या दिनानुदिन बढ्दै छ । बिएस्सी, बिबिए, इञ्जिनियरिङ, नर्सिङ वा म्यानेजमेण्टमा स्नातक गर्ने हजारौं युवाहरू अलपत्र छन् । पढाइपछि उनीहरूले जस्तो काम पाउने आशा गरेका थिए, त्यो स्वदेशमा पाइँदैन । यसले उनीहरूलाई विदेश जान प्रेरित गर्छ, जहाँ अलिकति पनि सक्षम हुनु भनेको रोजगारी पाउनु हो ।

सरकारी नीति र प्रोत्साहनको पनि कमी भएको छ । सरकारको नीति पनि अप्रत्यक्षरूपमा विदेश पलायनलाई नै समर्थन गरिरहेको देखिन्छ । अध्ययन भिसा प्राप्त गर्न सरकार स्वयंले सर्टिफिकेट जारी गर्छ, सिफारिसपत्र दिन्छ । अध्ययनको नाममा जाने विद्यार्थीले लाखौं रूपैयाँको मुद्रा बाहिर लैजान्छन्, जसले देशको अर्थतन्त्रमै असर पारिरहेको छ । साथै सरकारको उच्च शिक्षा क्षेत्रमा लगानीको अनुपात न्यून छ । प्राविधिक र व्यावसायिक शिक्षालाई चाहिनेजति प्राथमिकता दिइएको छैन । शिक्षामा अनुसन्धान, नवप्रवर्तन र उद्योगसँग जोडिएको तालिमको अभाव छ । यस्तो अवस्थामा विद्यार्थीलाई विदेश गएर अध्ययन गर्नु र त्यहींको अनुभव लिनु बढी उपयोगी लाग्न थाल्छ । त्यसमा पनि विद्यार्थीहरूको बुझाइको दृष्टिकोणलाई हेर्दा विदेसिनु समाजको चालचनल तथा देखासिकी जस्तो भएको छ ।

विद्यार्थीको मनोविज्ञान नै विदेश बनेको छ । 'विदेश जानु भनेको प्रगतिको सिँढी हो' भन्ने सोच किशोर अवस्थामा नै विकास हुन्छ । समाजले विदेश गएका मानिसलाई सफल मानेको देख्दा युवाहरू त्यही बाटो रोज्न प्रेरित हुन्छन् । सामाजिक सञ्जालमा विदेश गएकाहरूको आकर्षक जीवनशैली देखेपछि उनीहरू त्यसतर्फ आकर्षित हुनु स्वाभाविक हो । कतिपय अवस्थामा विद्यार्थीले विदेश जानु सामाजिक हैसियतको विषय पनि बनाउँछन् । समाजमा विदेश पढ्न जानु प्रतिष्ठाको कुरा भएको मानसिकता हावी हुँदा विदेश जान आर्थिक हिसाबले असक्षम विद्यार्थी पनि ऋण लिएर निस्कन्छन् । त्यसका लागि विद्यार्थीलाई विदेश पठाउन अभिभावक पनि तयार हुन्छन्, बरु उनीहरू नै पहल गर्छन् ।

'देशमा केही हुँदैन' भन्ने गुनासो गर्ने अभिभावक आफ्ना सन्तानलाई विदेशमा सुरक्षित भविष्यको कल्पना गरिदिन्छन् । कतिपय अवस्थामा अभिभावक नै ऋण लिएर वा सम्पत्ति धितो राखेर सन्तानलाई विदेश पठाउँछन् । समाजले पनि विदेश गएका युवालाई 'सफल' र 'सक्षम' को दर्जा दिन्छ । नेपाल फर्केर केही गर्न खोज्ने युवालाईचाहिँ 'अविकसित सोच' भएको भन्छ ।

साथै, देशमा नै केही गर्छु भन्नेहरूका लागि पनि अवसरको अभाव रहेको छ । नेपालमै गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरू सिर्जना भएको भए विदेश जाने युवाको संख्या पक्कै घट्थ्यो । तर अवस्था उल्टो छ । पढाइपछि योग्यताअनुसारको जागिर छैन । स्वरोजगारका अवसर सीमित छन् । व्यवसाय गर्न चाहने युवालाई पुँजी, तालिम, तथा नीति नियमले रोक लगाउँछ । यसले गर्दा युवाले 'देशमै केही हुँदैन' भन्ने मानसिकता बनाउँछन् र अन्त्यमा विदेश जाने निर्णय गर्छन् ।

नेपालमा भइरहेको यो तीव्र 'ब्रेन ड्रेन' (बौद्धिक पलायन) लाई चिन्ताको विषय मात्र बनाउने तर यसको कारण पत्ता लगाएर रोक्नेतर्फ ध्यान गएको छैन । त्यसको फलस्वरूप लाखौं शिक्षित, दक्ष र ऊर्जाशील युवाहरूले विदेशी भूमिमा आफ्नो ज्ञान, सीप खर्चिरहेका छन् । यिनै युवाहरू स्वदेशमै फर्किएर त्यही ऊर्जा नेपालमा खर्च गर्न सके, देशको विकास तीव्र हुनसक्छ । यसका लागि सरकारसँग ठोस नीति हुनुपर्छ । विदेश गएकाहरूलाई फर्कने वातावरण बनाउनुपर्छ । 'ब्रेन गेन' अर्थात् विदेशबाट ज्ञान, सीप तथा प्रविधि लिएर फर्काउन सकिन्छ । ज्ञान आर्जन गर्न गएका विद्यार्थीलाई फिर्ता ल्याउन ब्रेन ड्रेनलाई निरुत्साहित गर्नुका साथै ब्रेन गेन गर्न उनीहरूलाई प्रोत्साहित गर्ने नीति सरकारले बनाउन आवश्यक छ । यदि उनीहरूलाई स्वदेशमै अवसर, सम्मान र स्थायित्व दिन सकिन्छ भने ब्रेन ड्रेनमा कमी ल्याउन सकिन्छ ।

युवाहरूलाई देशमै अड्याउनका लागि सरकारी विद्यालय र विश्वविद्यालयको गुणस्तरमा सुधार, पाठ्यक्रमको नवीकरण, व्यावसायिक र प्राविधिक शिक्षामा लगानी गरी शिक्षा क्षेत्रमा सुधार ल्याउनुपर्छ । साथै, सरकारी तथा निजी क्षेत्रबाट शिक्षित युवाका लागि रोजगारीका अवसर बढाउने नीति अबलम्वन गरी रोजगारी सिर्जना गर्नुपर्छ । त्यस्तै विदेश गएका युवालाई फर्काउने नीतिका लागि 'रेन्टर्नी स्किम', स्टार्टअपमा सहुलियत, कर छुट, उद्यमशीलता तालिम आदिबाट विदेश गएकालाई देश फर्काउने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । त्यसैगरी युवा अनुकूल वातावरण सिर्जना गरी भ्रष्टाचाररहित, पारदर्शी र युवामैत्री शासन व्यवस्था गरी विश्वविद्यालय र उद्योगबीच सहकार्य, इन्टर्नसिप, तालिम कार्यक्रम र कामकाजी शिक्षा प्रणाली बनाई युवालाई स्वदेशमा नै बस्ने विश्वास ल्याउने सम्भावित साधनहरू हुन् ।

विद्यार्थीहरूको विदेश पलायन सामान्य प्रक्रियामात्र होइन, एक गम्भीर सामाजिक, आर्थिक र नीतिगत विषय हो । शिक्षा र रोजगारीको सपना पूरा गर्न नेपाली युवाले विदेसिन बाध्य हुनु दुःखद अवस्था हो । यो पलायन रोकिन सक्दछ, यदि नेपालमा गुणस्तरीय शिक्षा, रोजगारी र विश्वासिलो शासन व्यवस्था विकास हुन्छ भने । सरकारले युवाको ऊर्जा विदेशमा नभई स्वदेशमै प्रयोग हुने वातावरण बनाउन सकेमात्र यो समस्या समाधानको बाटोमा जान सक्छ ।

# ‘माथागढी पार्क’ स्थानीय सरकारलाई हस्तान्तरण

**पाल्पा (प्रस)–** जिल्लाको माथगढी गाउँपालिका–५ मा रहेको ऐतिहासिक माथागढी उद्यान पार्क निर्माण गरी माथागढी गाउँ सरकारलाई हस्तान्तरण गरिएको छ । नेपाली सेना मध्यपश्चिम हेक्डक्वाटर बुटवलको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको उद्यानको पृतनापति उपरथि प्रेमबहादुर पुनले गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीलाई हस्तान्तरण गरेका हुन् ।

करिब आठ लाख रूपैयाँमा नेपाली सेनाले पार्क निर्माण गरेको हो । यो गढी तत्कालीन भूरे राजाले निर्माण गरेका थिए । भूरे राजाको विस्तृत इतिहास थाहा नभए पनि स्थानीय बुद्धिजीवीका अनुसार पाल्पाका सेन राजामध्येका राजाले यस स्थानमा गढी बनाइ बसेको र पछि राजाले यस स्थान छाडेर गएको भन्ने भनाइ छ । एक्कासि राजाले यस स्थान छाडेर गएपछि राजा उडेर गए भन्ने किंवदन्ती रहेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् ।

नेपाल अंग्रेज युद्धको दौरानमा यहाँको गढीलाई बलियो बनाई तत्कालीन कर्णेल उजीरसिंह थापाले दक्षिण पूर्वीभागबाट हुनसक्ने सम्भावित अंग्रेज फौजको हमलाको विरुद्ध रक्षात्मक लडाइँ लड्न ३०० जनाको टुकडी यस गढीमा तैनाथ गरेका भन्ने जानकार बताउँछन् ।

‘दक्षिण जीतगढीतर्फको असफलतापछि पाल्पा आक्रमणका क्रममा अंग्रेज फौजले दक्षिण पूर्वीदिशाबाट हमलाका लागि अंग्रेज फौज आइरहेको हल्लापछि कर्णेल उजीरसिंहले यस किल्लालाई मजबुद बनाउँदै फौज तैनाथ गरेका थिए । अंग्रेज फौजलाई बाटो देखाउने तत्कालीन पाल्पा राज्यका सल्लाहकार कनकनिधि तिवारी नदीमा बिहानको स्नान गर्न गएका बेला मारिएपछि अंग्रेज फौजले बाटो पत्ता लगाउन नसकी यस गढीमाथि हमला गर्न सकेनन् । साथै जीतगढी र नुवाकोट गढीमा अंग्रेज फौजलाई रोक्न नसकेको अवस्थामा यस गढीमा आई लड्ने वैकल्पिक योजनासहित किल्लाका रूपमा गढीको स्थापना भएको हो इतिहास छ,’ अध्यक्ष चिदीले भने ।

उनका अनुसार यहाँ ठूलो कडावाला तमौरामा तत्कालीन युद्धमा प्रयोग गरिने धनुष, काँडा र तरवारजस्ता युद्ध सामग्री देख्न पाइन्छ । नजिकैको झुम्सा खोलाको ढुङ्गाको प्रयोग गरी गढीको निर्माण गरिएको भन्दै उनले गढी वरिपरि करिब चार वटा ट्रेन्च (गाली) र क्रोलिङ ट्रेञ्च (घिस्रिने नाली) रहेका बताए । नेपाल अंग्रेज युद्धपछि पनि वि.सं. २००७ मा नेपाली फौज उक्त गढीमा बसेको थियो ।

सांस्कृतिक रूपमा पनि यस गढीको छुट्टै महत्त्व रहेको छ । किंवदन्तीअनुसार स्थानीयको सपनामा आएर शक्ति स्वरुपिणी कालीले आफूले यस स्थानमा बस्ने इच्छा गरेकी थिइन् । यदि साँच्चिकै शक्ति हौं, भने यस स्थानमा रहेको ठूलो चिलाउनेको रुखलाई सोही राति चट्याङले तहसनहस गरी प्रमाणित गर्न र आफूले मन्दिर स्थापना गर्ने भाकल गरेपश्चात् सोही राति चट्याङ लागि रुख तहसनहस भएपछि यस स्थानमा माथागढी कालिका देवीको मन्दिर स्थापना गरिएको जनविश्वास रहिआएको छ । हालसम्म पनि यस स्थानमा देवीको शक्ति पूजा हुने गर्छ । यहाँ सेनाले अहिले पार्क निर्माण गरी संरक्षण गर्न भन्दै स्थानीय सरकारलाई हस्तान्तरण गरेको हो ।

## गण्डकीका १५ पुस्तकालयलाई प्रदेश सरकारको अनुदान

**गण्डकी (प्रस)–** गण्डकीका १५ सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लाग गण्डकी प्रदेश सरकारले अनुदान उपलब्ध गराएको छ । प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले चालु आर्थिक वर्षमा पुस्तकालय स्तरोन्नति अनुदान कार्यक्रमका लागि ३७ लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

मन्त्रालयका अधिकृत हीराबहादुर थापा मगरका अनुसार सात पुस्तकालयले तीन लाख रूपैयाँ र आठ पुस्तकालयले दुई लाख रूपैयाँका दरले अनुदान प्राप्त गरेका छन् । उक्त बजेटअनुसारको कार्यक्रम कार्यान्वयन भई अनुगमन र भुक्तानी प्रक्रिया सुरु गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले बर्सेनि प्रदेशभित्रका सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लागि अनुदान दिँदै आएको छ ।

प्रस्ताव माग गरी मापदण्ड पूरा गर्ने पुस्तकालयमात्र अनुदानका लागि छनोटमा पर्ने गरेका छन् । पुस्तकालय दर्ता, नियमित सञ्चालन, वार्षिक कार्ययोजना, संस्थागत सुशासनलगायतलाई आधार मानेर अनुदानका लागि छनोट गर्ने गरिएको छ । गत वर्ष ३० लाख रूपैयाँ बजेट विनियोजन गरिएकामा यो वर्ष बढाएर ३७ लाख रूपैयाँ पुर्‍याइएको हो । पुस्तकालयले पुस्तक खरिद, फर्निचर, सूचना प्रविधिलगायतमा अनुदानको बजेट खर्च गर्नुपर्ने प्रावधान छ । पुस्तकालयलाई सामुदायिक अध्ययन केन्द्रका रूपमा विकास गर्दै भूगोल, इतिहास, कला, साहित्य, संस्कृति, पर्यटनलगायत विषयका पठन सामग्रीको व्यवस्थापनबाट गण्डकी प्रदेशको पहिचानलाई सुदृढ बनाउने उद्देश्य लिइएको छ ।

यो वर्ष अनुदान प्राप्त गर्नेमा कास्कीको दीपशिखा, पोखरा सार्वजनिक पुस्तकालय, हिमालय पुस्तकालय, बागलुङको विद्यामन्दिर, स्याङ्जाको कालिका, लक्ष्मी स्मृति, अर्जुनचौपारी, जमजुङको लक्ष्मीनारायण, भोटेओडार, मुस्ताङको थाक, तनहुँको सिन्धु, गोरखाको त्रिभुवन, नवलपुरको शिवशक्ति, नवक्षितिज र फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र रहेका छन् ।


### बिमालेख हरायो

मिति २०८१/१२/२० गते काठमाडौं, बुढानिलकण्ठबाट पाटन जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : पेमा दोर्जे लामा**
**बिमालेख नं.: २५१८००६०२७**
**एल आइ सी (नेपाल) लिमिटेड**
**सम्पर्क नं : ९८४६६४४५७२**



**युएइ/कतारमा रोजगार** — **कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C**

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ | LT. No. 323394 | चलानी नं. ६०२३७३६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Carpenter | 5 | 0 | 1200 | ४४,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELECTRICIAN (GEN.) | 8 | 0 | 1200 | ४४,२७६ | | | | | | | |
| 3 | Plaster Man | 4 | 0 | 1200 | ४४,२७६ | | | | | | | |
| 4 | Stone Mason | 5 | 0 | 1200 | ४४,२७६ | | | | | | | |
| 5 | Tile Layer | 8 | 0 | 1200 | ४४,२७६ | | | | | | | |

**कम्पनी : RIO TRADING CO**

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | LT. No. 323384 | चलानी नं. ६०२३७३६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guest Service Agent | 1 | 0 | 1500 | ५५,७६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Metal Pour Tech | 2 | 0 | 1500 | ५५,७६३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २ गते (16th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३८/०५५/०५६

**Lucky Overseas Pvt. Ltd.**
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com



## बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा ६, बुडोलको**

### धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशन मिति : २०८२/०१/२६**

यस संस्थाबाट तपाईं ऋणीले ऋण लिंदा गरी दिएको लिखत (तमसुक) को सर्तमा तोकिए अनुसार बुझाउनुपर्ने सावाँ, ब्याज रकम नबुझाई, नतिरी कर्जा बन्देज उल्लंघन गर्नुभएको र ऋण चुक्ता गर्नु भनी बारम्बार ताकेता गर्दा समेत वेवास्ता गर्नुभएकाले मिति २०८१/०९/१८ मा काभ्रे जिल्लाको बनेपाबाट प्रकाशित हुने चेष्टा साप्ताहिक पत्रिकामा ऋण चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना समेत प्रकाशित गरिएकोमा सो सूचनालाई समेत इन्कार गरी सावाँ, ब्याज, हर्जाना समेतको दैदस्तुर नबुझाउनु भएकोले यस संस्थालाई सुरक्षण दिनुभएको तपसिल बमोजिमको घरजग्गा र सोमा रहेको लिगलगापात समेत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्न अन्तिम पटक यो ३५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिबाट ३५ दिनभित्र यस संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सावाँ, ब्याज, हर्जाना र अन्य दैदस्तुर समेत बुझाई कर्जा चुक्ता गरी यस संस्थासँगको हिसाब राफसाफ गर्नुहोला । अन्यथा यो सूचना प्रकाशित भएको ३६औं दिन (सो दिन विदा परेमा सोको भोलिपल्ट) धितोमा रहेको अचल सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी यस संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने र लिलाम बिक्रीबाट असुल उपर नभए तपाई ऋणी र तपाईको एकाघरको परिवारको नामको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ । लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूले यसै सूचनालाई आधार मानी लिलाम बढाबढमा सहभागी हुनुहुन समेत आव्हान गरिन्छ । धितो लिलामी प्रकृयामा कोही सहभागी नभए प्रचलित कानुन बमोजिम यस संस्थाले आफैं सकार गरी लिन सक्नेछ ।

**तपसिल:**

| ऋणीको नाम, थर र वतन : | फोटो | धितोको विवरण |
|---|---|---|
| नाम, थर : **सुन्तलीमाया ठोकर तामाङ**<br>बाबु/पति : सुरज कुमार कर्मचार्य<br>बाजे/ससुरा : कुशल कुमार कर्मचार्य<br>ठेगाना : धुलिखेल-४, बाँसघारी<br>ऋण शीर्षक : आवास ऋण |  | सुन्तलीमाया ठोकर तामाङको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको साविक नाला गा.वि.स. वडा नं.९, नक्सा सिट नं. ९ख स्थित कित्ता नं.१२४८ क्षेत्रफल २-८-०-० को जग्गा र सो जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत । |

**ऋण रकम तथा अन्य दैदस्तुरको विवरण:**
सावाँ : ८,४६,९७२।९०, ब्याज : १,७३,४३२।८२, हर्जाना सहितको अन्य दस्तुर: ८०,०००।-

**लिलाम बिक्री हुने मिति, समय र स्थान:**
मिति : २०८२ साल जेठ ३० गते शुक्रबार,
समय : दिउँसो ११:०० बजे
स्थान : बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को मुख्य कार्यालय, बनेपा ६, बुडोल काभ्रेपलाञ्चोक

**लिलाम बिक्री सम्बन्धी सर्तहरू:**

१. लिलामी प्रकृयामा भाग लिई सबैभन्दा बढी अङ्क बोली लिलाम बिक्रीको बोलपत्र स्वीकृत भएको व्यक्ती एवं संस्थाले लिलाम सकार गरी लिन कबुल गरेको रकमको १० प्रतिशत दरले हुन आउने रकम धरौटी स्वरूप बोलपत्र स्वीकृत भएको २४ घण्टाभित्र मै कार्यालय समयभित्र यसै संस्थामा संस्थाले तोकेको बैंकको खातामा जम्मा गरी सोको भौचर संस्थामा पेश गर्नुपर्ने छ ।
२. लिलाम बिक्रीको बोलपत्र स्वीकृत भएको व्यक्ती एवं संस्थाले लिलाम स्वीकृत भएको मितिले ७ दिनभित्र बाँकी ९० प्रतिशत रकम नबुझाएमा धरौटी रहेको रकम स्वत जफत हुनेछ ।
३. एउटा लिलामी फारम एउटा मात्र खरिदको लागि प्रस्ताव पेश गर्न सकिनेछ ।
४. धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने छ ।
५. धितो सुरक्षण सम्बन्धी कागजात कार्यालय समयमा संस्थामा सम्पर्क गरी अध्ययन गरी आवश्यक जानकारी लिन सकिनेछ ।
६. लिलाम बिक्रीको बोलपत्र स्वीकृत हुने वा नहुने सम्बन्धमा निर्णय गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित हुनेछ ।
७. बोलपत्र स्वीकृत भईसकेपछि हक हस्तान्तरण गर्दा नियमअनुसार लाग्ने दैदस्तुर, राजस्व (पूँजीगत लाभ कर समेत) आदि धितो सम्पत्ति सकार गरी खरिद लिने व्यक्ति/संस्थाले नै ब्यहोर्नुपर्नेछ ।
८. धितो लिलाम बिक्री सम्बन्धी अन्य सर्तहरु संस्थाको ऋण नीति बमोजिम हुनेछ ।
९. उपरोक्त सम्बन्धमा थप अन्य कुनै कुरा बुझ्न परेमा संस्थाको मुख्य कार्यालय बनेपा न.पा.वडा नं. ६, काभ्रेपलाञ्चोकमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**पुनश्च**: उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्रकर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन यसै सूचनाबाट अनुरोध गरिन्छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा ऋणी सदस्यलाई उपस्थित हुन सूचित गरिन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

"सबल र सर्वोत्कृष्ट संस्था"
**बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.**

**बनेपा न.पा.-६, काभ्रे, सम्पर्क नं.: ०११-६६०५६४, ०११-६६२३६४**
**Email: info@budol.coop.np, Url: www.budol.coop.np**



## महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**खलंगा, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### अनधिकृत संरचना र अतिक्रमण गरिएका संरचनाहरू हटाउने सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०१/२३)**

प्रस्तुत विषयमा यस महाकाली नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२।०१।०२ गते बसेको बैठकको निर्णयानुसार नगरपालिका क्षेत्र भित्र कानुन विपरित प्रयोग, अतिक्रमण, गैरकानुनी कब्जा, गैरकानुनी नियन्त्रण र लिजको उद्देश्य विपरित प्रयोग भएका सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गाहरूको अतिक्रमण तथा अनधिकृत प्रयोग हटाई जग्गाहरू साविककै अवस्थामा फिर्ता ल्याउने भनी भएको निर्णय बमोजिम महाकाली नगरपालिका क्षेत्र भित्र सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी विभिन्न संरचना निर्माण तथा कानुन विपरित प्रयोग गरेको पाईएकोले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र हटाई दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । साथै तोकिएको समयसिमा भित्र अटेर गरी संरचना नहटाएमा वा अतिक्रमित क्षेत्रबाट नहटेमा नगरपालिकाले उक्त संरचनाहरू हटाउने र अतिक्रमित क्षेत्र खाली गर्ने साथै सो कार्यका लागि खर्च भएको रकम सरकारी बाँकी सरह सम्बन्धित व्यक्ति/संस्थाबाट असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**नोट: यस नगर क्षेत्र भित्र रहेका सरकारी/सार्वजनिक प्रकृतिका अतिक्रमित र अनधिकृत प्रयोगका जग्गाहरू खाली गर्ने कार्यमा सम्बन्धित व्यक्ति र सरोकारवालाहरूले आवश्यक सहजीकरण गर्नहुन अनुरोध छ ।**

**(इश्वरी ठगुन्ना)**
**नि. प्रमुख प्रशासकीय अधिकृत**



## Gujara Municipality
## Office of The Municipal Executive
**Simara Bhawanipur, Rautahat**
**Madhesh Pradesh, Nepal**

### Invitation for Bids

**Invitation for Bids No.: GUJMUN/NCB/GOODS/06/2081-82**
**Date of publication: 09-05-2025**

1. Gujara Municipality, Simara invites electronic bids from Nepalese eligible bidders for the supply of "The Procurement of Medicine and Medical Goods, Gujara Municipality, Rautahat." under National Competitive Bidding procedures.The estimated amount for this work is Rs. 25,13,077/- (Including VAT)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK, Simara Bhawanipur Branch
   Name of Office: Gujara Municipality, Simara Bhawanipur, Rautahat
   Office Account No.: ga-1-1 (Antarik Rajaswa Khata) 2172050028445002
   Office Account No: ga – 03 – (Dharauti Khata) 46CA051251652406
3. Electronic bids must be submitted to the office Gujara Municipality, Simara, Bhawanipur, Rautahat, Madhesh Pradesh, through PPMO website www.bolpatra.gov.np/egp on or before 09-06-2025 12:00. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-06-2025 13:00 at the office of www.bolpatra.gov.np/egp. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 75000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. For any quarries and updates contact at +9779845191469

| S. No. | Contract ID No. | Descriptions of Work | Cost of Bid Document (Non-Refundable) | Bid Security Amount | Estimated Amount (Without VAT) |
|---|---|---|---|---|---|
| 1 | GUJMUN/ NCB GOODS/ 06/2081-82 | The Procurement of Medicine and Medical Goods, Gujara Municipality, Rautahat. | 3000/- | 75000.0 | 25,13,077/- |

**Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, २६ वैशाख २०८२ (Friday, May 09, 2025)


## रूपशाला

### 'जलाकी'मा भित्रिइन् शिल्पा



फिल्म 'जलाकी'मा अभिनेत्री शिल्पा मास्के भित्रिएकी छन् । फिल्मको मुख्य भूमिकामा रहने गरेर उनी भित्रिएकी हुन् । उनी कस्तो भूमिकामा देखिने खुलाइएको छैन । शिल्पा पछिल्लो पटक 'देवी'मा देखिएकी थिइन् । गतवर्षको भदौमा रिलिज भएको फिल्मले राम्रो ब्यवसाय भने गर्न सकेन । 'जलाकी'का निर्देशक अशोक थापा मगर हुन् । उनले यसअघि 'खुस्मा' बनाएका थिए । फिल्मको पहिलो चरणको काम अभिनेत्री उपासना सिंह ठकुरी र अभिनेता सोनम तोप्देनलाई लिएर सकिएको छ ।

# थापाको 'जुनकिरी' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** सुमन थापाले तयार पारेको नेपाली र अंग्रेजी गीतहरूको संग्रह 'जुनकिरी' सार्वजनिक गरिएको छ । इटर्नल साउण्ड्सद्वारा बुधबार राजधानीमा आयोजित एक कार्यक्रमबीच 'जुनकिरी' सार्वजनिक गरिएको हो ।

इटर्नल साउण्ड्सले गुणस्तरीय संगीतको समृद्ध विरासत निर्माण गर्ने उद्देश्यले स्थापना गरिएको हो । यसका १.२० लाखभन्दा बढी सब्सक्राइबरहरू छन् जसले विभिन्न प्रकारका संगीतको आनन्द लिन्छन् । उत्कृष्ट प्रतिभा सधैं जीवित रहने र धेरैले समयअनुसार रुचिको संगीत सिर्जना गर्नमा ध्यान केन्द्रित गर्ने जनाएको छ । इटर्नल साउण्ड्स स्थायी संगीत सिर्जना गर्न केन्द्रित हुनेछ ।

यो परियोजनाले नेपाली लोक बाजाहरू, जस्तै बाँसुरी र सारङ्गीको प्रयोगलाई पश्चिमी शैलीको गीत लेखन र संगीतसँग मिश्रण गरेर प्रस्तुत गर्ने प्रयास गर्ने इटर्नल साउण्ड्सले उल्लेख गरेको छ ।

उक्त परियोजनामा विभिन्न संगीतकारहरूले गीतहरूको संगीत संयोजनमा सहयोग गरेका छन् । यी परियोजनाहरूले विश्व संगीत क्षेत्रमा समेत प्रभाव पार्ने लक्ष्य राख्ने बताइएको छ । इटर्नल साउण्ड्सका मुख्य साझेदारहरूमा वित्तीय बजार विज्ञ उत्सव परेख, उद्योगपत्रि मयंक जालान, राष्ट्रिय पुरस्कार विजेता र चलचित्र निर्माता गौरांग जालान र संगीत गुरु बिक्रम घोष रहेका छन् ।

यी चार साझेदारहरू सबै संगीतप्रेमी हुन् र भारतमा आकर्षक र स्थायी संगीतको पुनर्जागरण देख्ने चाहना राख्छन् । उनीहरूको यो आन्तरिक लगाव र दृढ विश्वासकै कारण, उनीहरूले आफ्नो बलियो पक्षलाई एकसाथ ल्याई यो कम्पनीको स्थापना गरेका हुन् ।

# मण्डलाले घोषणा गर्‍यो ११ नाटक निर्देशक

■ प्रभाव संवाददाता

**काठमाडौं–** मण्डला नाटकघरले आगामी वर्ष मञ्चन हुने ११ वटा नयाँ नाटकका निर्देशकको नाम सार्वजनिक गरेको छ । नयाँ शृंखलाअन्तर्गत उक्त निर्देशकहरूले नाटक निर्देशन गर्ने र निर्माणमा मण्डलाले सघाउने नाटकघरका अध्यक्ष अभिनेता दयाहाङ राईले जानकारी दिए । कलात्मक विविधता, प्रयोगशीलता र सामाजिक सन्देशलाई प्राथमिकता दिँदै तयार गरिएका ती नाटकहरू आगामी साउनदेखि एक वर्ष मञ्चन हने नाटकघरले जनाएको छ ।

'हामीले आफ्ना अग्रजबाट सिकेको सिकाइलाई नयाँपुस्तामा हस्तान्तरण गर्दैछौं, त्यसैको एउटा प्रक्रिया पनि हो । हामीले घोषणा गरेको निर्देशकमा नयाँ पनि हुनुहुन्छ । छनोट भएका निर्देशकहरूबाट दर्शकले पारिवारिक, प्रयोगात्मक, बालमैत्री र समुदाय केन्द्रित विषयवस्तुमा आधारित नाटक हेर्न पाउनुहुनेछ', अध्यक्ष राईले भने ।

घोषणा गरिएका निर्देशकहरूमा मण्डला नाटकघरको आन्तरिक समूहबाट निर्देशक बुद्धि तामाङ, सुरज यादव, उमेश तामाङ, सोमनाथ खनाल र विकास जोशी छन् । यस्तै, आमन्त्रित निर्देशकहरूमा सरस्वती चौधरी, गुञ्जन दीक्षित, सङ्गीता थापामगर, सुदीप खतिवडा, सन्दीप श्रेष्ठ र सागर खाती कामी छन् ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**कारागार व्यवस्थापन विभाग**
**कारागार कार्यालय मलंगवा, सर्लाही**

**दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रकाशन मिति: २०८२।०१।२६**

यस कार्यालय अन्तर्गतको तपशिलमा उल्लेखित निर्माण कार्यका लागि दरभाउपत्र आह्वान गर्नुपर्ने भएकोले मिति २०८२।०२।११ गते दिउँसो ११:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट: www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost with Ps & (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | POS/Malangwa / Works/SQ/01-2081/82 | Maintenance work of Boundary wall and Toilet block at Jail Office Malangwa, Sarlahi. | 17,09,339.47 | 50,000.00 | 1,000.00 |


## रंगशाला

### आइसिसी टी-२० विश्वकप एसिया छनोट

# नेपाल र हङकङ आज भिड्दै



**काठमाडौं (प्रस)–** आइसिसी ट्वान्टी-२० विश्वकप एसिया छनोटको पहिलो खेल नेपाल र हङकङ आज (शुक्रबार) भिड्दैछन् ।

भारतको नयाँ दिल्लीमा अभ्यास खेल खेलेर सीधै विश्वकप छनोटका लागि थाइल्यान्ड पुगेको नेपाली टोलीले थाइल्याण्डमा अभ्यास गरिरहेको छ । विश्वकप छनोट मे ९ देखि २० सम्म हुँदैछ । नेपाल रहेको समूह 'सी' मा बहराइन र हङकङ छन् ।

आज नेपालले बिहान ८:१५ बजे हङकङसँग पहिलो खेल खेल्दैछ ।

### नेपाली टोली

इन्दु बर्मा (कप्तान), रुबिना क्षेत्री, कविता कुँवर, बिन्दु रावल, पूजा महतो (उपकप्तान), रोमा थापा, रुबि पोदार, सबनम राई, कविता जोशी, ईश्वरी विष्ट, सम्झना खड्का, मनिषा उपाध्याय, राजमति ऐरी, रिया शर्मा

# खेलकुद पत्रकार मञ्चको अध्यक्षमा अधिकारी




**काठमाडौं (प्रस)–** नेपाल खेलकुद पत्रकार मञ्चको अध्यक्षमा निरञ्जन अधिकारी निर्वाचित भएका छन् । बिहीबार सम्पन्न निर्वाचनमा प्रतिस्पधी प्रकाश तिमल्सिनालाई पराजित गर्दै अध्यक्षमा अधिकारी निर्वाचित भएका हुन् । अध्यक्षमा निर्वाचित अधिकारीले ४५ मत ल्याउँदै तिमल्सिनाले ३५ मतमा सिमित भए ।

प्रथम उपाध्यक्षमा प्रज्वल ओली, उपाध्यक्षद्वयमा गोविन्द रेग्मी र सञ्जिव शिल्पकार निर्विरोध निर्वाचित भए पनि महासचिवमा राजु घिसिङलाई पराजित गर्दै अञ्जन खड्का निर्वाचित भएका छन् । खड्काले ५१ मत प्राप्त गर्दा महासचिवका उम्मेदवार घिसिङले २९ मतमा सिमित भए ।

यस्तै, सचिवमा अनिल मल्ल ठकुरी र कोषाध्यक्षमा मुना कार्की निर्विरोध निर्वाचित भएकी छिन् भने सदस्यहरूमा अभिनव जोशी, कविरस शर्मा, रमेश सुवेदी र नमिता दाहाल निर्वाचित भएका छन् ।


**कुवेतमा रोजगार** कम्पनी : NATAQ COMPANY FOR CONSUMER GOODS DELIVERY

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ LT. No. 323248 चलानी नं. ६०२३७३५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 6 | 0 | 150 | ६६,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAYA TEX RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ LT. No. 323395 चलानी नं. ६०२३७३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters/Stewards | 11 | 0 | 120 | ५३,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २ गते (16th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**CYPRUS मा रोजगार** कम्पनी : Theo Employment and Travel Ltd.

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ LT. No. 323315 चलानी नं. ६०२३७४०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 5 | 0 | 800 | १२३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chamber Maids | 0 | 5 | 650 | १००,१३० | | | | | | | |
| 3 | Cook A | 7 | 0 | 1262 | १९४,४१० | | | | | | | |
| 4 | Cook B | 6 | 0 | 1018 | १५६,८२० | | | | | | | |
| 5 | Waitress | 0 | 2 | 700 | १०७,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २ गते (16th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ६०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**S.S.Group of Management Pvt.Ltd.**
Subidhanagar-32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682, Ph: 9843193397 Email: ssgroup1100@gmail.com
Govt. License 1100/073/074

**मलेसियामा रोजगार** कम्पनी : AI FORCE SECURITY SERVICES SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ LT. No. 323388 चलानी नं.६०२३७३४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २ गते (16th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

**साउदीमा रोजगार** कम्पनी : Al-Irtiqaa Al-Arabiya General Contracting Company is a one-person company

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२५ LT. No. 317634 चलानी नं. ६०२३२००४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ९०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २ गते (16th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७

**कतारमा रोजगार** कम्पनी : Renko International Trading & Contracting

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ LT. No. 323455 चलानी नं. ६०२३७४१९

